# चम्किलो ज्योति



कारलोस ब्राथवेट

*कारलोस ब्राथवेट वेस्ट इन्डिजको अलराउन्डर क्रिकेटर हुन् जो बारबाडोसबाट आएका हुन् जसले २०१६ मा वेस्ट इन्डिजको अन्तराष्ट्रिय टि २० (T20 I) समुहको कप्तानको जिम्मेवारी लिनुभयो। उनी वेस्ट इन्डिजको लागि टेस्ट क्रिकेट, अन्तराष्ट्रिय एकदिवसीय ( ओडिआइ ) र अन्तराष्ट्रिय टि २० (T20 I) खेल्दछन्। २०१६ मा विश्व टि २० को फाइनलको अन्तिम ओभरमा ईङ्गल्यान्डको विरुद्धको खेलमा ब्राथवेट अन्तराष्ट्रिय टि २० (T20 I) मा लगातार ४ छक्का प्रहार गर्ने वेस्ट इन्डिजको पहिलो खेलाडी बने।*



*कारलोस ब्राथवेट,*
*वेस्ट इन्डिज*

म सधै व्यवसायिक क्रिकेटर बन्न चाहान्थे, तर म एक उद्मी पनि हुन चाहान्थे। मलाई लाग्छ म १९ वर्षको उमेरमा दोधारमा भए - विश्वविद्यालय गएर पछि क्रिकेट खेलु कि खेलमा अझ केहि वर्ष समर्पित गरु ? मैले मेरो खेल कसरी अघि बढ्छ भनेर हेर्ने निर्णय गरे, किनभने पछि गएर पनि डिग्री हासिल गर्न सक्छु भनि मलाई थाहा थियो। त्यसैले त्यो एकदम महत्वपुर्ण थियो र खुशीको कुरा मेरो पेशा राम्रो हुदैं गयो।

अन्तराष्ट्रिय टि २० (T 20I) को फाइनलले मेरो जीवनमा परिवर्तन ल्यायो। मलाई थाहा पनि छैन कि म कसरी बयान गरु वास्तवमा मैले त्यो छक्का कसरी हाने, तर त्यो एकदमै अचम्मको अनुभव थियो। त्यो एउटा दन्त्य कथाजस्तै थियो जुन वास्तवमा जिउन पाइन्थ्यो, विश्वकप जित्ने एउटा सपना कस्तो तरिकाले पुरा भएको थियो १ एउटा शान्दार फाइनलको हिस्सा हुनु र सपनामा पनि नसोचेको ४ छक्का हान्नु। म स्तब्द भएको थिए।

म एउटा खीष्टलाई प्रेम गर्ने घरमा हुर्किए, मेरो आमा एकदम खीष्ट अनुयायी थिइन् र म सधै सन्डे स्कुल जान्थे। यी सब मेरा वरिपरि थिए, मण्डली र सन्डे स्कुल जाने सधै नै मेरो दिनको एक भाग हुन्थ्यो। सानो उमेर देखी नै म खीष्टसँग परिचित भए र म आफ्नो लागि त्यही कुरामा अघि बढे। म केहि कुराहरुमा खस्किए तर यसले मेरो विश्वासको जरा अझ बलियो बनाउन सहयोग गऱ्यो।

मैले मेरो क्षमतालाई प्रभुको उपहारको स्वरुपमा हेर्थे। मेरो बुवाले म २/३ वर्षको हुदाँ म घर पछाडिको आँगनमा क्रिकेट खेलेको कथा भन्नु हुन्थ्यो। म एकदमै मिहिनेत गर्थे र मलाई लाग्छ कि कहिलेकाहीं मानिसले परमेश्वरबाट उपहार लिन्छन् र त्यस सँग केहि गर्नु पर्दैन भनि आशा गर्छन् तिनीहरु परिपक्व हुन्छन् र अझै राम्रा हुन्छन्। तर अझै मिहिनेत गर्न बाँकी नै छ।

यो बाईबलको सुनको सिक्काको दृष्टान्तको एक मानिस जस्तै हो जसले पाएको सुनको सिक्कालाई २ गुणाँ बढी बनाएको थियो, र त्यसै गरि अर्को मानिसले पाएको सुनको सिक्कालाई जमिन मुनि गाडेको थियो। यो परमेश्वरबाट आएको वरदान हो र म यसलाई कदर गर्छु, तर यसमा अझ मैले मिहिनेत गर्नु बाँकी छ ताकि अन्तमा यसलाई परिपक्व पारेर सफलताको कटनी गर्नसकू।

परमेश्वरले अहिले मलाई नम्रता सिकाउँदै हुनुहुन्छ। म एकदमै आशिषित थिए जब मैले इंडियन प्रिमियर लिगको ड्रेसिङ्ग रुम इमरान ताहिर, जे.पी. डुमिनि र राहुल ड्राभिडसँग बाड्न पाए – जो एकदमै नम्र व्यक्तिहरु थिए। उनीहरुले क्रिकेटमा धेरै कुरा पाएका थिए र जब प्रशंसकहरु – क्रिकेटमा पागल भारत देशमा, उनीहरुसँग फोटो खिच्न आउथे, तब उनीहरुले नम्र तरिकाले हुन्छ वा हुन्न भन्थे।

मेरो लागि, उनीहरुले पाएका जस्तै प्रशंसा पाउनु स्वीकार गर्नु गाह्रो छ। अब त्यो नम्रता क्यारिबीयनमा ल्याउने समय भएको छ र मेरा साथीहरुको माझ चम्किलो ज्योति बन्ने र म जता गए पनि त्यो देखाउने।

कार्लोसलाई मनपर्ने पद :

**" येशू रुनुभयो "**
**- युहन्ना ११:३५**

**मलाई लाग्छ पुरुषले आफुलाई बलियो र पुरुषप्रधान सोच्छन्, तर यदि येशू रुन सक्नुहुन्छ भने म किन सक्दिन ? यो पदले मलाई मेरो भावनाहरुसँग जोडिन सहायता दिन्छ ।**

